नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्या :-६६७

मिति :- २०७४/२/१

श्री इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था, रेमिटान्स कम्पनी, मनिचेञ्जर, होटल, ट्राभल्स, ट्रेकिङ, कार्गो लगायतका अन्य संस्थाहरु ।

**विषय :- Online Reporting सम्बन्धमा ।**

महाशय,

विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ३ बमोजिम यस बैंकबाट इजाजतपत्रप्राप्त विप्रेषण कारोवार गर्ने बैंक तथा वित्तीय संस्था, रेमिटान्स कम्पनी, सटही कारोवार गर्ने मनिचेञ्चर, विदेशी विनिमयको कारोवार गर्ने होटल, ट्राभल्स, ट्रेकिङ्ग, कार्गो लगायतका निकायहरुले आफूले गरेको विदेशी विनिमय कारोवारको मासिक विवरण तथा कागजात यस विभागमा नियमित रुपमा बुझाउने व्यवस्था रहेकोमा सो कार्यलाई सरलीकृत र व्यवस्थित बनाउने उद्देश्यले यही २०७४ साल बैसाखदेखिको त्यस्तो विवरण अनिवार्य रुपमा Online Reporting का माध्यमबाट मात्र पेश गर्नु पर्ने व्यवस्था मिलाईएको व्यहोरा अनुरोध छ । यस व्यवस्थाको कार्यान्वयनको लागि सबै इजाजतपत्रप्राप्त संस्थाको आधिकारिक व्यक्ति पहिलो पटक यस विभागमा आफै उपस्थित भई यसै साथ संलग्न भए बमोजिमको फाराम बुझाई आफ्नो User Name र Password प्राप्त गरी सोही बमोजिम Online Reporting गर्ने व्यवस्था गर्नु गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

साथै, उक्त फाराम बुझाउँदा Online-Reporting गर्ने तरीका बारे समेत प्रशिक्षण दिइने व्यवस्था मिलाइएको व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

संलग्न फाराम थान २

भवदीय,

(भिष्मराज ढुंगाना)
कार्यकारी निर्देशक

बोधार्थ:

१. श्री गभर्नरको कार्यालय
२. श्री डेपुटी गभर्नरको कार्यालय
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय व्यवस्थापन महाशाखा
४. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, राजश्व अनुसन्धान विभाग
५. श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग
६. श्री बैंक सुपरिवेक्षण विभाग
७. श्री विकास बैंक सुपरिवेक्षण विभाग
८. श्री आन्तरिक लेखा परीक्षण विभाग
९. श्री नेपाल बैंकर्स संघ
१०. श्री सूचना प्रविधि विभाग
११. श्री नेपाल रेमिटर्स एशोसिएसन
१२. श्री मनिचेञ्जर एशोसिएसन
१३. श्री नेपाल उद्योग वाणिज्य महासंघ
१४ श्री नेपाल उद्योग परिसंघ